# आ.व. २०८०/८१ को बिसौं कार्यपालिका बैठक

आज मिति २०८१।०२।२१ गते विहान ७:०० बजे रास्री गाउँकार्यपालिकाका अध्यक्ष श्री प्रकाश विष्टको अध्यक्षता तथा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बस्यो ।

बैठकका उपस्थिति र निर्णयहरु यसप्रकार छन् ।

## उपस्थिति

| | | |
|---|---|---|
| अध्यक्ष | श्री | प्रकाश बिष्ट, रास्री गाउँकार्यपालिका । |
| उपाध्यक्ष | श्री | कमलापती चौधरी, रास्री गाउँकार्यपालिका । |
| सदस्य | श्री | गेमे खड्का, रास्री गाउँकार्यपालिका । |
| सदस्य | श्री | पहलवान चौधरी, रास्री गाउँकार्यपालिका । |
| सदस्य | श्री | उमेश अधिकारी, रास्री गाउँकार्यपालिका । |
| सदस्य | श्री | विर बहादुर चौधरी, रास्री गाउँकार्यपालिका । |
| सदस्य | श्री | देव प्रसाद चौधरी, रास्री गाउँकार्यपालिका । |
| सदस्य | श्री | दीपक कुमार चौधरी, रास्री गाउँकार्यपालिका । |
| सदस्य | श्री | सिताराम चौधरी, रास्री गाउँकार्यपालिका । |
| सदस्य | श्री | चन्द्र वहादुर गुरुङ, रास्री गाउँकार्यपालिका । |
| सदस्य | श्री | रिम बहादुर सुनारी, मगररास्री गाउँकार्यपालिका । |
| सदस्य | श्री | पार्वती सुवेदी, रास्री गाउँकार्यपालिका । |
| सदस्य | श्री | चम्पा भुसाल, रास्री गाउँकार्यपालिका । |
| सदस्य | श्री | रण बहादुर पुजाली सार्की , रास्री गाउँकार्यपालिका । |
| सदस्य | श्री | गिता चौधरी, रास्री गाउँकार्यपालिका । |
| सदस्य | श्री | सावित्री चौधरी, रास्री गाउँकार्यपालिका । |
| सदस्य | श्री | संजिव परियार, रास्री गाउँकार्यपालिका । |
| सदस्य सचिव | श्री | नेब बहादुर वली , रास्री गाउँपालिका |

## आमन्त्रित

श्री विश्वास विक, शाखा अधिकृत

श्री विकास ज्ञवाली, अधिकृत छैठौं (प्रशासन सेवा )

श्री दामोदर आचार्य अधिकृत छैठौं

श्री जीवन कुमारी त्रिपाठी

श्री लीला पौडेल प्र.पार्यो

227

मिति २०८१।०२।२१ गते बसेकोबिसौं कार्यपालिका बैठकका निर्णयहरु :-

निर्णय नं१-रामी गाउँकार्यपालिकाले यस अघि गरेका पुर्व निर्णयका सम्बन्धमा समिक्षा गरियो ।

निर्णय नं.२ - रामी गाउँपालिकाको आ.व.२०८१।८२ वार्षिक निति,कार्यक्रम तथा बजेटको सन्दर्भमा देहाय बमोजिमको कार्यतालिका निर्धारण गर्ने ।

| क्र सं | कार्यक्रम | मिति | स्थान |
|---|---|---|---|
| १ | रामी गाउँपालिकामा कृयाशिल गैसस, सामुदायिक र सरकारी संघ सस्थाहरु संग बजेट सम्बन्धी छलफल | २०८१।०२।२२<br>बिहान ११:बजे | रामी गापा सभाहल |
| २ | राजस्व परामर्श समिति बैठक | २०८१।०२।२२<br>दिउसो ३:०० बजे | रामी गापा बैठक कक्ष |
| ३ | स्रोत अनुमान तथा सीमा निर्धारण समिति बैठक | २०८१।०२।२३ गते<br>दिउसो २:०० बजे | रामी गापा बैठक कक्ष |
| ४ | विषयगत समिति | २०८१।०२।२५, २६ र २७ गते | रामी गापा बैठक कक्ष |
| ५ | कार्यपालिका | २०८१।०२।२८ गते<br>बिहान ७ बजे | रामी गापा बैठक कक्ष |
| ६ | गाउँसभा ( निति तथा कार्यक्रम ) | २०८१।०२।३२ गते<br>बिहान ११:०० बजे | रामी गापा सभाहल |
| ७ | विषयगत समिति | २०८१।०३।०२ र ०३ गते | रामी गापा बैठक कक्ष |
| ८ | बजेट तथा कार्यक्रम तर्जुमा समिति | २०८१।०३।०४ गते | रामी गापा बैठक कक्ष |
| ९ | कार्यपालिका | २०८१।०२।२८ गते<br>बिहान ७ बजे | रामी गापा बैठक कक्ष |
| १० | गाउँसभा ( बजेट कार्यक्रम ) | २०८१।०३।०७ गते<br>बिहान ११:०० बजे | रामी गापा सभाहल |

**निर्णय नं.३**–राप्ती गाउँपालिकाको नाममा कार्यालयमा जिन्सी अभिलेखीकरण भएको लु १ ब १८८५ नं को मोटरसाइकल वडा नं १ को कार्यालय प्रयोजनमा प्रयोगमा रहेको अवस्थामा मिति २०७८।०१।२० गतेका दिन रातीको समयमा कर्मचारी आवास भवन बराखुट्टीमा कम्पाउण्डभित्र पार्किङ गरि राखिएको अवस्थामा चोरी भएको र चोरीको घटनाबारे प्रहरी खोजतलासबाट हालसम्म मोटरसाइकल फेला पर्न नसकेको सन्दर्भमा राप्ती गाउँपालिकाको सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि २०८१ को दफा ११ को उपदफा ५ मा भएको व्यवस्था बमोजिम घटनाको प्रहरी मुचुल्का, खोजतलासबाट चोरीभएको सम्पत्ति फेला नपरेको इलाका प्रहरी कार्यालय भालुबाङको मिति २०७८।११।०१ को पत्र र वडा कार्यालयको मिनाहा गरिदिनुहुन भनी प्राप्त भएको मिति २०७८।१०।२३ गतेको पत्र समेतको आधारमा कार्यालयको जिन्सी अभिलेखबाट हटाउने तथा यातायात व्यवस्था कार्यालय तुलसीपुरबाट समेत सो मोटरसाइकलको अभिलेखीकरण हटाउनको लागि अनुरोध गर्ने गरी चोरी भएको मोटरसाइकल मिनाहा गर्ने ।

**निर्णय नं. ४**- राप्ती गाउँपालिकाको आव २०८०।८१ को पशु पन्छी तथा मत्स्य विकास शाखा तर्फको कार्यक्रम देहाय बमोजिम संशोधन गर्ने ।

| क्र.सं. | कार्यक्रमको विवरण | विनियोजित | रकमान्तर भएको रकम रु | रकमान्तर गरिने कार्यक्रम ( मौजुदा शिर्षकमै थप गर्नुपर्ने) |
|---|---|---|---|---|
| १ | माछा पालन गर्ने कृषकहरुलाई चुना र मिनरल बितरण | ५०००० | ५०००० | उत्पादनमा आधारित अनुदान (दुध) |
| २ | बधिया भालेप्रवर्धन कार्यक्रम | १००००० | ७५००० | |
| ३ | कुकुरबन्ध्याकरण | ३००००० | ५००० | |
| ४ | ७५ प्रतिशतअनुदानमा हिउदे घाँसको बिउ बितरण | ३७०००० | ८००० | |
| ५ | पशुस्वास्थ्यघुम्ती शिविर | २००००० | ८०००० | |
| ६ | राप्ती गा पा स्थित साना भुरा हुर्काउने फार्मलाई ह्याचलिङ् खरिदमा सहयोग | ३५००० | ३५००० | |
| ७ | पशुपन्छी सेवा बैठक दैनिक भ्रमण भत्ता | १००००० | ४७००० | |
| | जम्मा | | ३००००० | |